## अनुसूची(२

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# खार्पुनाथ गाँउपालिका

स

---

सामाजिक विभेद निवारण सम्बन्धी कार्ययोजना
२०७८

**सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ /**

- पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (*CPAC*) सम्बन्धी कार्य,
- राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
- सकारात्मक विभेद सम्बन्धी नीति एवं मापदण्डमा सहजीकरण,
- लैंगिक समता तथा सामाजिक समावेशीकण सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र त्यस्ता संघ संस्थाहरूसँगको सम्पर्क र समन्वय तथा नेपाल सरकारले अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता स्थानीय स्तरमा लागु गराउन प्रोत्साहन, सहयोग र सहजीकरण सम्बन्धी कार्य,
- विकास कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरणको लेखाजोखा एवम् असल अभ्यासहरुको आदानप्रदान,
- बाल संरक्षण सम्बन्धी कार्य,
- राष्ट्रिय गैर सरकारी संस्था, सामुदायिक संस्था र उपभोक्ता समूहको संस्थागत विकास, व्यवस्थापन एवं परिचालनमा समन्वय सम्बन्धी कार्य ।
- मन्त्रालयको लैंगिक सम्पर्क विन्दु (*Gender Focal Point*) को रुपमा कार्य गर्ने ।
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने:
  - राष्ट्रिय दलित आयोग
  - राष्ट्रिय समावेशी आयोग
  - आदिवासी जनजाती आयोग
  - राष्ट्रिय महिला आयोग
  - मधेशी आयोग
  - थारु आयोग
  - मुस्लिम आयोग
  - केन्द्रीय पंजीकरण विभाग
  - समाज कल्याण परिषद्
  - आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान
- तोकिए बमोजिमका अन्य कार्यहरू ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत